# दशरथचन्द नगरपालीका

## बैतडी

**अभिभावकको लागी आचार संहिता**

- बालबालिका जन्मेको ३५ दिन भित्र जन्म दर्ता गर्नेछौ ।
- घरपरिवारमा हुने घरेलु हिंसा गर्ने छैनौ, बालबालिकालाई पिट्ने छैनौ र अन्य हिंसा गर्ने छैनौ ।
- विद्यालय उमेरका हाम्रा छोरा छोरीलाई नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय पठाउनेछौं ।
- विद्यालयमा समय समयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्नेछौं ।
- महिनावारी भएको वेला सरसफाईका साथै विद्यालय पठाउने व्यवस्था गर्नेछौ ।
- बालबालिकालाई अनुशासित र योग्य बनाउन बालक्लब तथा संस्कार सदनमा सहभागी हुन प्रेरित गर्नेछौं ।
- समुदाय र विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रेरित गर्नेछौ ।
- बालविवाह, बालयौन दुर्व्यवहार , बालश्रम जस्ता कुराहरुलाई निरुत्साहित गर्नेछौं ।
- बालबालिकालाई बालअधिकार र कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्नेछौं ।
- विपन्न र अपाङ्ग बालबालिकाको आवश्यकताको पहिचान गरी सहयोग पुऱ्याउन पहल गर्नेछौं ।
- अभिाभावक समक्ष निर्धक्क संग बालबालिकाले आफ्नो कुरा राख्न सक्ने वातावरण सिर्जना गर्नेछौ ।
- आफ्नो घरमा कुनै पनि बालबालिकाको बालविवाह गरिदिने वालविवाह गरिदिनेछैनौ ।
- पढ्न, लेख्न, खान, सुत्न, खेल्न र सञ्चार मध्यमको प्रयोग गर्न समय तालिका बनाउनेछौं । नियमित स्वास्थ्य परिक्षण गर्नुका साथै खोप लगाउने व्यवस्था मिलाउनेछौं ।

- मादक पदार्थ तथा सुर्ती जन्य पदार्थको खरिदविक्रि एवं प्रयोगमा बालबालिका लाई संलग्न गराउने छैनौं ।
- कुलत तथा दुर्व्यसनमा फस्न नदिनुका साथै घरपरिवार तथा समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्नेछौ ।
- अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउनेछौं ।
- बालक्लव तथा बालबालिका आवद्ध भएको सामाजिक संघसंस्थाको कार्यक्रम तथा बैठकमा सहभागीताको लागि प्रेरित गर्नेछौं ।
- सुलभ तथा बालमैत्री शौचालयको व्यवस्था गरिदिनेछौं ।
- नियमित सरसफाई जस्तै नङ काट्ने, कपाल कोर्ने, काट्ने, ब्रस गर्ने, साबुन पानीले हात धुने, नुहाउने आदि कुराको ख्याल गर्नेछौ ।
- समयमा खाजा र सन्तुलित भोजनको व्ववस्था मिलाउने क्रममा पोषणयुक्त खाने कुराको ख्याल गरी व्यवस्था गर्नेछौं ।
- आवश्यक परेको सन्दर्भमा बालबालिकाको उपस्थितीको आवश्यकतालाई मध्यनजर गरी सम्बन्धीत क्षेत्रमा सहभागी गराउनेछौं ।
- बालबालिकालाई समयमा विद्यालय भर्ना गर्ने, खोप लगाउने कार्य गनुका साथै सरसफाईमा ध्यान दिनेछौं ।
- साना बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गर्नेछौं ।
- बालमैत्री स्थानिय शासनको प्रवर्द्धन तथा घोषणाको कार्यमा पूर्ण रुपमा प्रतिबद्धताका साथ लाग्नेछौं ।